बैठक नं. ८

आ.व. २०८१/०८२

आज मिति २०८१/१०/२७ गते नगर कार्यपालिकाको बैठक मध्यविन्दु नगर कार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिलः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | शिशिर पौडेल | सचिव | |

अन्य उपस्थितिः

| क.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | [signature] |
| २ | सन्देश लामिछाने | आन्तरिक लेखापरीक्षक | [signature] |
| ३ | कृष्ण प्रसाद रेग्मी | शिक्षा अधिकृत | [signature] |
| ४ | किरण प्रसाद शर्मा | अधिकृत छैटौं | [signature] |
| ५ | जयकिशोर [illegible] | " " | [signature] |
| ६ | विकाश नरसिंह राणा | " " | [signature] |
| ७ | विवेक पोखरेल | इन्जिनियर | [signature] |
| ८ | नरेश ठकुरी | सूचना प्रविधि अधिकृत | [signature] |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |

आठौं कार्यपालिका बैठक

आ.व.२०८१/०८२

मिति:२०८१/१०/२७

समय: दिउसो १.०० बजे

स्थान: नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरु:

१. समिक्षा सम्बन्धमा।

२. आ.व. २०८२/०८३ का लागि संघीय समपुरक, संघीय बिशेष, प्रदेश समपुरक, प्रदेश बिशेष र तराई मधेश समृद्धि कार्यक्रममा पेश गर्ने आयोजना छनौट सम्बन्धमा।

३. मध्यविन्दु नगरपालिकाको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।

४. कार्यालयमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता, २०८१ स्वीकृति सम्बन्धमा।

५. टोल विकास (गठन तथा परिचालन) कार्यविधि, २०७९ को संशोधन सम्बन्धमा।

६. नगरपालिकामा सूचिकरण भएका र सूचिकरण हुन बाँकी रहेका ठूला फर्महरुको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धमा।

७. यस अघि दर्ता भएका अटो व्यंवसायीको नविकरण एवम् अटो तथा ई रिक्शा व्यवस्थापन समितिको सिफारिस बमोजिम सञ्चालनमा रहेका अटो दर्ता गर्ने सम्बन्धमा।

८. सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा।

९. नगरस्तरीय भूमि समस्या सहजीकरण समितिमा कार्यपालिका सदस्य मनोनित गर्ने सम्बन्धमा।

१०. उपभोक्ता / टोल विकास संस्थावाट कार्यान्वयन हुने आयोजनाको सम्झौता गर्ने म्याद सम्बन्धमा।

११. FRA को नतिजा अनुमोदन सम्बन्धमा।

१२. विविध सम्बन्धमा।

क. धन्यवाद ज्ञापन सम्बन्धमा।

ख. नगरपालिकाबाट खरिद भएको कम्बाइन्ड हार्भेष्टर हस्तान्तरण सम्बन्धमा।

ग. स्थानीय बिदा सम्बन्धमा।

घ. प्लाष्टिक झोला तथा बोत्तल हटाउने सम्बन्धमा।

ङ. विस्तृत अध्ययन प्रतिवेदन स्वीकृत सम्बन्धमा।

च. प्राकृतिक स्रोतको राजश्व बाँडफाँट सम्बन्धमा।

छ. घरनक्शा अभिलेखिकरण सम्बन्धमा।

ज. सरसफाई सेवा शूल्क सम्बन्धमा।

झ. विराट चक्रमा सहभागिता सम्बन्धमा।

निर्णय:

१. गत कार्यपालिकाको बैठकको समीक्षा गरियो। उक्त बैठकमा १२ वटा निर्णय भएकोमा सवै कार्यान्वयनको क्रममा रहेको पाइयो।

२. आगामी आर्थिक वर्ष २०८२।८३ को संघीय समपुरक, संघीय विशेष, प्रदेश समपुरक, प्रदेश विशेष र तराई मधेश समृद्धि कार्यक्रमका लागि देहायका योजनाहरुलाई प्राथमिकताक्रम अनुसार पेश गर्ने निर्णय गरियो।

क. संघीय समपुरक तर्फ

१. गिरुवारी करिडोर निर्माण (क्रमागत)

२. मध्यविन्दु ८ चौरङ्गी देखि हर्वास्टार धारापानी हुदै बाहुनीकुना सडक स्तरोन्नति

ख. संघीय विशेष तर्फ

१. फोहोरमैला व्यवस्थापन केन्द्र तटबन्ध (क्रमागत)

२. मध्यविन्दु नगर अस्पताल स्वास्थ्य उपकरण खरिद

ग. प्रदेश समपुरक तर्फ

१. ब्रम्हस्थान पर्यटकीय सडक मध्यविन्दु-३

२. दुवाकुन खोला स्कुलटोल कल्भर्ट निर्माण मध्यविन्दु-१३

घ. प्रदेश विशेष तर्फ

१. मध्यविन्दु नगर अस्पताल स्वास्थ्य उपकरण खरिद

२. पोषणमैत्री नमुना वस्ती विकास कार्यक्रम

ङ. तराई मधेश समृद्धि कार्यक्रम तर्फ

१. सामूहिक आवास (वाढी पिडित १५ घरपरिवारका लागि) मध्यविन्दु - २

२. समावेशी मार्ग (टाँडी टोल खण्ड) मध्यविन्दु - ५

३. अरुणखोला खानेपानी आयोजना मध्यविन्दु- १०

४. ब्रम्हस्थान पर्यटकीय पार्क निर्माण मध्यविन्दु — ३

५. मध्यविन्दु नगर अस्पताल अगाडि पार्क निर्माण मध्यविन्दु -७

३. मध्यविन्दु नगरपालिका अन्तर्गतका गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरपरिवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास आफैले निर्माण गर्न चाहेमा नगरपालिकाबाट खरिद गरी जस्तापाता उपलब्ध गराउने गरी तयार गरिएको मध्यविन्दु नगरपालिकाको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १ सि.नं. ५ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

४.कार्यालय वा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार न्युनीकरण गर्ने उद्देश्यले तयार गरिएको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता, २०८१ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १ सि.नं. ५ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

५.नगरपालिकामा रहेका टोल विकास संस्थाहरुको तथ्याङ्क अध्यावधिक गरी एकिकृत गर्ने उद्देश्यले टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, ३०७९ लाई संशोधन गर्न तयार गरिएको संशोधन प्रस्ताव, २०८१ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १ सि.नं.५ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

६.नगरपालिकामा सूचिकरण भएका र सूचिकरण हुन बाँकी रहेका ठूला फर्महरुलाई दर्ता तथा नविकरण गर्नका लागि पत्र पठाईएकोमा केही फर्महरु हालसम्म पनि दर्ता तथा नविकरण नभएकोले ति फर्महरुका संचालकहरुलाई वडा तथा नगरवाट हुने सेवा प्रवाह उपलब्ध नगराउने एवम् ति फर्महरु बन्द गर्ने निर्णय गरियो। त्यस्ता फर्महरुवाट जारी भएका विल विजकहरुको नगरपालिकाबाट भुक्तानी नगर्ने निर्णय गरियो। साथै सो को जानकारी वडा कार्यालय मार्फत टोल विकास संस्था, उपभोक्ता समिति र अन्य सरोकारवालालाई समेत गराउने एवम् यसकार्यको वोधार्थ जिल्ला समन्वय समितिलाई समेत दिने निर्णय गरियो।

७.मध्यविन्दु नगरपालिकाभित्र सञ्चालन भएका अटो तथा ई-रिक्शालाई व्यवस्थित रुपमा दर्ता तथा नविकरण गरी संचालन गर्ने उद्देश्यले तयार गरिएको अटो तथा ई-रिक्शा व्यवस्थापन निर्देशिका, बमोजिम यस अघि दर्ता भएका व्यवसायीको नविकरण गर्ने तथा नयाँ व्यवसायीलाई नियमानुसार दर्ता गर्ने निर्णय गरियो।

८.अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्र, लगायतका माथिल्लो निकायबाट प्राप्त हुने सुझावहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो।

९.नगरस्तरीय भूमि समस्या सहजीकरण समितिमा कार्यपालिका सदस्यहरुमध्ये दलित / अल्पसंख्यक तर्फबाट प्रकाश परियार र महिलातर्फबाट शीव कुमारी मल्ल ठकुरी मनोनित गर्ने निर्णय गरियो।

१०.उपभोक्ता / टोल विकास संस्थाबाट कार्यान्वयन हुने स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको सम्झौता फाल्गुण ३० गते भित्र गरीसक्ने निर्णय गरियो।

११.मध्यविन्दु नगरपालिकाको आ.व. २०८१/०८२ को वित्तीय जोखिम मूल्याङ्कन (FRA) मा नगरपालिका एवम् जिल्ला समन्वय समितिबाट मूल्याङ्कन गरी प्रारम्भिक नतिजा तयार गर्दा प्राप्त अङ्क ९३.५ लाई अनुमोदन गर्ने र अन्तिम नतिजा प्रकाशनका लागि जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने।

१२.तपसिल बमोजिमका विविध प्रस्तावहरु पारित गर्ने निर्णय गरियो।

क. मध्यविन्दु नगरअस्पतालको लागि रु १ करोड २५ लाख वरावरको स्वास्थ्य उपकरण तथा औजारहरु खरिद गरी हस्तान्तरण गरेकोमा लायन्स क्लव अफ इन्टरनेशनललाई धन्यवाद ज्ञापन प्रदान गर्ने निर्णय गरियो।

ख. नगरपालिकाबाट बोलपत्र आह्वान गरी खरिद गरिएको कम्बाइन्ड हार्भेष्टर मध्यविन्दु कृषि सहकारी संस्था मध्यविन्दु -९ लाई हस्तान्तरण गर्न अनुमति दिने निर्णय गरियो।

ग. मिति २०८१ फाल्गुण १५ गते पर्ने मगर दिवसको अवसरमा मध्यविन्दु नगरपालिका भित्र रहेका सम्पूर्ण सार्वजनिक निकायलाई स्थानीय बिदा दिने निर्णय गरियो।

घ. मध्यविन्दु नगरपालिका र वडा कार्यालय भित्र प्रयोग भैरहेका प्लाष्टिक झोला तथा प्लाष्टिक बोत्तल २०८१ फाल्गुण १ गते बाट पूर्ण रुपमा हटाउने साथै नगर क्षेत्रभित्र रहेका अन्य संघ संस्था तथा सार्वजनिक निकायहरुलाई समेत प्लाष्टिक झोला तथा प्लाष्टिक बोत्तलको प्रयोग नगर्न अनुरोध गर्ने।

ङ. आर्क इन्जिनियरिङ्ग प्रा.लि. चितवनले तयार गरेको कैलाशेश्वर शिव मन्दिर मध्यविन्दु — ७ को विस्तृत अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

च. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क. को उपदफा ३ बमोजिम प्राकृतिक स्रोतबाट आम्दानी भई विभाज्य कोषमा रहेको रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्ने निर्णय गरियो।

छ. मध्यविन्दु नगरपालिकाले मिति २०७९।१०।०४ मा सूचना गरी घरनक्शा अभिलेखिकरणको लागि निवेदन दर्ता भएकोमा हालसम्म पनि घरनक्सा अभिलेखिकरण प्रमाणित गर्ने कार्य बाँकी रहेका घरधुरीहरुको मिति २०८१/०७/०८ गतेको पाँचौ कार्यपालिका बैठक निर्णय अनुसार २०८१ माघ मसान्त भित्र घरनक्सा अभिलेखिकरण प्रमाणित गर्ने कार्य गरिसक्ने भनिएकोमा घरनक्शा अभिलेखिकरण प्रमाणीकरणका लागि शाखामा पछिल्लो समयमा धेरै नै चाप देखिएकोले उक्त कार्यका लागि २०८१ चैत्र मसान्त सम्म सक्ने गरी म्याद थप गर्ने र उक्त अबधि भित्र घरनक्सा अभिलेखिकरण नगरेमा पचास प्रतिशत थप राजस्व लिएर मात्र अभिलेखिकरण गर्ने ।

ज. मिति २०८१/०७/०८ गतेको पाँचौ कार्यपालिका बैठक निर्णय अनुसार सरसफाई प्रवर्द्धन कार्यक्रम कार्यान्वयन भएका सबै वडाका सदस्यहरुलाई वार्षिक/मासिक सरसफाई शुल्कमा पुष मसान्त सम्म छुट दिने भनिएकोमा उक्त छुटलाई चैत्र मसान्त सम्म थप गर्ने निर्णय गरियो।

झ. जीवन विज्ञानको आयोजनामा गण्डकी प्रदेश पोखरामा सञ्चालन हुन लागेको विराट चक्रमा नगरपालिकाबाट देहाय बमोजिम सहभागिता जनाउने र सहभागीहरुको प्रवेश शुल्क वापत लाग्ने प्रति व्यक्ति रु १० हजार नगरपालिकाले व्यहोर्ने निर्णय गरियो। साथै स्वेच्छिक रुपले जान चाहने कर्मचारी तथा शिक्षकलाई विदा उपलब्ध गराउने।

देहायः

१. नगर प्रमुख-१ जना

२. कार्यपालिका सदस्यहरुबाट — ३ जना

३. राष्ट्रिय दल मान्यता राजनैतिक दलका प्रतिनिधि १-१ जनाका दरले- ५ जना

४. कर्मचारीहरुवाट- २ जना

५. खुसी स्रोत शिक्षकहरुबाट- २ जना

६. योग फोकल शिक्षकहरुबाट -२ जना